REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 28.08.2025

---

## सिक्किम नेवार गुठी

सिक्किम नेवार गुठीका अध्यक्ष एम के प्रधानले आज पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै, राज्य-स्तरीय इन्द्रजात्रा 2025, सेप्टेम्बर 3 देखि 'सम्म नाम्ची जिल्लाको काब्रे, नामथाङमा मनाइने, बताए' । चार दिने सांस्कृतिक कार्यक्रममा परम्परागत अनुष्ठान, पैनल छलफल र विविध सांस्कृतिक प्रस्तुतिहरू गरिनेछन् जसले नेवार समुदायको समृद्ध सम्पदाको प्रदर्शन गर्नेछ । महोत्सवको मुख्य आकर्षण सेप्टेम्बर 6 मा हुने भव्य कार्यक्रम हुनेछ जसमा मुख्यमन्त्री प्रेम सिंह तामाङ प्रमुख अतिथि हुनुहुनेछन् ।

आयोजकहरूले राज्य र बिहारबाट 10 हजार भन्दा बढ़ि मानिसहरूको ठूलो सहभागिताको अपेक्षा गरेका छन् । खुला निमन्त्रणा दिँदै सिक्किम नेवार गुठीले आम जनतालाई उत्सवमा शामेल हुन र इन्द्रजात्राको जीवन्त सांस्कृतिक भावनाको साक्षी हुन आह्वान गरेकोछ ।

---

## अन्तर्राष्ट्रीय सहकारी वर्ष

सहकारी विभागको प्रधान कार्यलयले सहकारीले राम्रो संसार निर्माण गर्छ भन्ने विषयवस्तुका साथ आयोजना गरेको अन्तर्राष्ट्रीय सहकारी वर्ष 2025 को उत्सवको एक भागको रूपमा सहकारी संबधी जागरूकता कार्यक्रम हिजो गेजिङको संचमान लिम्बू सरकारी कलेज, आरीगाउँमा आयोजना गरिएको थियो ।

संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रीय सहकारी वर्ष 2025 मार्फत दिसेम्बर 2024 मा यसको आधिकारिक रूपमा थालनी गरेको थियो जसको उद्देश्य, विश्वव्यापी रूपमा समावेशी, दिगो र लोकतान्त्रिक विकासलाई प्रवर्द्धन गर्ने सहकारीको महत्वुपूर्ण भूमिकालाई उजागर पार्नु रहेकोछ ।

---

## मुख्यमन्त्री भेट- ओडीशा मुख्यमन्त्री

मुख्यमन्त्री प्रेम सिंह तामाङले ओडिशाका मुख्यमन्त्री मोहन चरण मांझी सित आज भुवनेश्वरमा एउटा राज्य अतिथि गृहमा भेटनुभयो । श्री तामाङले, श्री मांझीलाई सिक्किमको राज्य स्थापनाको 50 वर्ष पूरा भएको उपलक्ष्यमा जारी 50 रूपियाँको समृति सिक्का उपहार

स्वरूप प्रदान गर्नुभयो। यो सिक्का राज्यको गर्व, समृद्ध विरासत र यहाँका जनताको असाधारण यात्राको प्रतीक हो।

---

## ओडिशा राज्यपाल- तामाङ

मुख्यमन्त्री तामाङले भुवनेश्वर स्थित राजभवनमा ओडिशाका राज्यपाल हरि बाबू कम्भमपतिलाई पनि भेट्नुभयो।

राज्यपाल महोदयलाई पनि श्री तामाङले सिक्किम राज्य स्थापनाको स्वर्ण जयन्तीको उपलक्ष्यमा 50 रूपियाँको स्मारक सिक्का भेट गर्नुभयो।

उहाँले भन्नुभयो, यस अवसरले हाम्रा राज्यहरू बीचको सद्भावनाको बन्धनलाई बलियो बताउँदै एकता र प्रगतिका साझा मूल्य- मान्यताहरूबारे विचार गर्ने अवसर प्रदान गरयो।

---

## PM जन धन योजना

प्रधानमन्त्री नरेन्द्र मोदीले 28 अगस्त, 2014 मा शुरू गर्नुभएको प्रधानमन्त्री जन- धन योजनाले भारतको वित्तीय परिदृश्यमा परिवर्तनकारी प्रभाव पारेको एघार वर्ष पूरा गरेकोछ। विश्वको सबैभन्दा ठूलो वित्तीय समावेशीकरण पहलको रूपमा यो योजनाले सेवाबाट वंचित लाखौ नागरिकहरूका लागि banking सम्म पहुँचलाई नयाँ तरीकाले परिभार्षित गर्न जारी राखेकोछ।

यस अवसरमा, केन्द्रिय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले पछिल्ला एघार वर्षमा 56 करोढ़ भन्दा अधिक जन धन खाताहरू खोलिएको बताउनुभयो जसमा कुल जमा राशि 2.68 लाख करोढ़ रूपियाँ छ।

38 करोढ़ भन्दा बढ़ि, निशुल्क रू पे कार्ड जारी गरिएको, जसले डिजिटल लेन्देनलाई सहज बनाएकोछ, उहाँले भन्नुभयो।

---

## सोनाम लामा- रिजिजू

धार्मिक मामिला मन्त्री सोनाम लामाले आज नयाँ दिल्लीमा संसदीय मामिला मन्त्री किरेन रिजिजूलाई उहाँको निवासमा भेटी सिक्किमसंग संबधित विभिन्न विषयमा छलफल गर्नुभयो। भेटघाटको क्रममा श्री रिजिजूले परम पावन 17 औं ग्याल्वा कर्मपा Ogyen Trinley Dorji को भारत फिर्तीमा जोढ़ दिनुभयो ताकि उहाँले सिक्किम र सिक्किमेली जनतालाई चाँढ़ो आफ्नो आर्शीवाद दिनुहोस्। उहाँले सिक्किमे जनताको लामो समय देखिको यो आकाँक्षा पूरा गर्न सबै पाराले आफ्नो पूर्ण समर्थनको आश्वासन दिनुभयो।

---